


ISSN: 2990-7993(P)

Dhaulagiri Journal of Contemporary Issues

Vol 2, Issues 1

July, 2024

Page 1-9

DOI: https://doi.org/10.3126/djci.v2i1.67408

**Published by**: Research Management Committee,
Dhawalagiri Multiple Campus, Baglung

**Home Page**: https://dmcjournal.edu.np/index.php/DWJCI

**Nepjol Home Page:** https://www.nepjol.info/index.php/djci

# विजय मल्लका नाटकमा अहम् रक्षायुक्ति

**दुर्गाबहादुर घर्ती**
सहप्राध्यापक, नेपाली, केन्द्रिय विभाग,
त्रिभुवन विश्वविद्यालय
Email: durgagharti@gmail.com

## लेखसार

प्रस्तुत लेख विजय मल्लका नाटकमा प्रयुक्त अहम् रक्षायुक्तिको अध्ययनमा केन्द्रित छ । विजय मल्लका पूर्णाङ्की नाटकमा विभिन्न प्रकारका अहम् रक्षायुक्तिको प्रयोग गरिएको पाइन्छ । उनका नाटकमा पात्रहरूले वास्तविक रूपमा पूरा हुन नसकेका अचेतनका इच्छा वा आवेगहरूको अप्रत्यक्ष रूपमा सन्तुष्टि वा निष्प्रभावीकरणका लागि विभिन्न उपाय गरेको देखिन्छ । त्यो अहम् रक्षायुक्ति हो र त्यसले अहम्को क्षति हुनबाट रोक्दछ । त्यसलाई मनोरचना पनि भनिन्छ । त्यो फ्रायडीय मनोविश्लेषणसँग सम्बन्धित छ । सिग्मन्ड फ्रायडले विभिन्न प्रकारका रक्षायुक्तिको व्याख्या गरेका छन् । फ्रायडले प्रस्तुत गरेका अहम् रक्षायुक्तिको सिद्धान्तलाई यस अध्ययनमा मुख्य सैद्धान्तिक आधारका रूपमा लिइएको छ । विजय मल्लका पूर्णाङ्की नाटकमा अहम् रक्षायुक्तिको प्रयोग केकस्तो छ भन्ने जिज्ञासाको समाधान खोज्नु नै यस अध्ययनको मुख्य उद्देश्य हो । गुणात्मक पद्धतिमा आधारित यस अध्ययनका लागि सामग्री सङ्कलन पुस्तकालयकार्यद्वारा गरिएको छ र सामग्रीको विश्लेषण विषयवस्तु विश्लेषण विधिमा गरिएको छ । सामग्रीको विमर्शबाट विजय मल्लका पूर्णाङ्की नाटकमा पात्रहरूले अहम्को रक्षाका लागि विभिन्न प्रकारका रक्षायुक्तिको उपयोग गरेका छन् भन्ने नतिजामा पुगिन्छ । अहम् रक्षायुक्तिका प्रयोगले मल्लका नाटक प्रभावकारी बनेका छन् भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

***शब्दकुञ्जी :*** अचेतन, अन्तर्द्वन्द्व, चेतन, मनोविश्लेषण, मनोरचना

**Article Information**

**Received**: 25 April, 2024 **Reviewed:** 30 April, 2024 - 10 May, 2024 **Revised**: 12 May, 2024- 18 May, 2024
**Accepted:** 29 May, 2024 **Published:** 30 June, 2024

*Corresponding Author:* Durga Bahadur Gharti

To Cite this Article:

घर्ती, दुर्गाबहादुर (२०२४), विजय मल्लका नाटकमा अहम् रक्षायुक्ति, *धौलागिरी जर्नल अफ कन्टेमपोररी इस्युज्* २ (१), १-९ ।
https://doi.org/10.3126/djci.v2i1.67408

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

## परिचय

नेपाली नाट्यपरम्परामा विजय मल्लको नाट्ययात्रा आधा शताब्दी जति लामो अवधिसम्म फैलिएको छ । मल्ल एकाङ्की र पूर्णाङ्की दुवै नाट्यरचनामा सक्रिय देखिन्छन् । 'राधा मान्दिन' (२००१) एकाङ्कीबाट नाट्यलेखनको आरम्भ गरेका मल्लको *सृष्टि रोकिँदैन* (२०४८) अन्तिम नाट्य कृति हो । उनका *'बहुलाकाजीको सपना '* (२००४), *कोही किन बरबाद होस्* (२०१६), *जिउँदो लास* (२०१७), 'भोलि के हुन्छ ?' (२०२२), *स्मृतिको परखालभित्र* (२०४०), 'मानिस र मुकुन्डो' (२०४०), *भूलैभूलको यथार्थ* (२०४१), 'पहाड चिच्याइरहेछ' (२०४१) र 'माधुरी' (२०४८) पूर्णाङ्की नाटक प्रकाशित छन् । सामाजिक र मनोवैज्ञानिक समस्यामा आधारित यथार्थवादी धाराका नाटकबाट आरम्भ भएको उनको नाट्यलेखन प्रयोगशील हुँदै बहुलवादी प्रवृत्तिसम्म फैलिएको छ । फ्रायडीय मनोविश्लेषण उनका नाटकमा पाइने मूल प्रवृत्ति हो । मल्लका पूर्णाङ्की नाटकहरूमध्ये *कोही किन बरबाद होस् !, जिउँदो लास, स्मृतिको परखालभित्र* र 'माधुरी' मनोविश्लेषणमा केन्द्रित छन् । उनका सामाजिक समस्या, विसङ्गति र अस्तित्वबोध तथा आलोचनात्मक चेत भएका अन्य नाटकमा समेत मनोविश्लेषणको प्रयोग भेटिन्छ । अहम् रक्षायुक्ति मनोविश्लेषणको एउटा महत्त्वपूर्ण पक्ष हो । अहम् रक्षायुक्तिको अवधारणा सर्वप्रथम सिग्मन्ड फ्रायडले प्रस्तुत गरेका हुन् । उनले विभिन्न प्रकारका रक्षायुक्तिको व्याख्या गरेका छन् । अहम् मनोविज्ञानले त्यसलाई महत्त्वका साथ अघि बढाएको देखिन्छ । त्यसका अन्ना फ्रायडको योगदान उल्लेखनीय छ । पछि अरू मनोवैज्ञानिकहरूले त्यसमा आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । विजय मल्लका नाटकमा विभिन्न प्रकारका रक्षायुक्तिको प्रयोग पाइन्छ । त्यसका बारेमा विभिन्न विद्वान्हरूले सङ्केत गरेको पाइन्छ । तारानाथ शर्मा (सन् १९६४/१९८०) ले *कोही किन बर्बाद होस् ?* मा मातृस्नेहबाट वञ्चित बालकमा दुष्टता बढेर जाने र तिनीहरूलाई माया दिएर सुधार गर्न सकिने, रत्नध्वज जोशी (२०२१/२०५०) ले *कोही किन बर्बाद होस् ?* मा बालकका निम्ति आमाको स्नेहको ज्यादै महत्त्व हुने, घनश्याम कँडेल (२०४०) ले *कोही किन बर्बाद होस् ?* मा आमाको मायाको अभावमा बालकको विकास सहज र सामान्य किसिमको हुन नसक्ने, केशवप्रसाद उपाध्याय (२०६१) ले विजय मल्लका नाटकमा स्वैरकल्पना प्रयोग पाइने, व्रतराज आचार्य (२०७८) ले *कोही किन बर्बाद होस् ? र जिउँदो लास* नाटकलाई सामाजिक र मनोवैज्ञानिक परम्पराको उत्कृष्ट नाटक भनी चर्चा गरेको पाइन्छ । तर अहम् रक्षायुक्तिमा केन्द्रित भएर विजय मल्लका नाटकको अध्ययन भएको पाइँदैन । त्यही नै प्रस्तुत अध्ययनको शोध अन्तराल हो । त्यही अभावको पूर्तिका लागि अध्ययन गर्नु प्रस्तुत अध्ययनको उद्देश्य हो । प्रस्तुत अध्ययन अहम् रक्षायुक्तिको अध्ययनमा मात्र सीमित छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित छ । त्यसका लागि सामग्री सङ्कलन पुस्तकालयकार्यबाट गरिएको छ । विजय मल्लद्वारा रचित पूर्णाङ्की नाटक यस अध्ययनको प्राथमिक सामग्री हुन् । ती नाटकसँग सम्बन्धित सैद्धान्तिक एवं प्रायोगिक पूर्वअध्ययन द्वितीयक सामग्री हुन् । दुवै प्रकारका सामग्रीलाई टिपोट विधिका आधारमा सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा सामग्री विश्लेषण विषयवस्तु विश्लेषण विधिमा गरिएको छ । यसमा विजय मल्लका पूर्णाङ्की नाटकहरूबाट विश्लेष्य विषयवस्तुको छनोट गरी तिनको विश्लेषण गरिएको छ । सामग्रीको विश्लेषणको सैद्धान्तिक ढाँचा मनोविश्लेषणात्मक सिद्धान्तमा आधारित छ । त्यसका लागि सिग्मन्ड फ्रायडको अहम् रक्षायुक्तिको सिद्धान्तलाई मुख्य आधार बनाइएको छ र आंशिक रूपमा अन्ना फ्रायड तथा उत्तरवर्ती मनोवैज्ञानिकहरूका मान्यतालाई पनि यसमा सैद्धान्तिक आधारका रूपमा लिइएको छ । सैद्धान्तिक ढाँचा र विश्लेष्य सामग्रीका आधारमा अवधराणात्मक ढाँचाको निर्माण गरिएको छ । अहम् रक्षायुक्ति यस अध्ययनको मुख्य अवधारणा हो र कल्पनातरङ्ग, विस्थापन, उदात्तीकरण, विलोपन, स्थानापन्न, युक्तीकरण र दुश्चिन्ता त्यसका सूचक हुन् । तिनै आधारमा विजय मल्लका नाटकको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

अहम् रक्षायुक्तिको अवधारणा मनोविश्लेषणसँग सम्बन्धित छ । यो अचेतनमा दमित आवेगहरूलाई चेतनमा आउन नदिने वा अवाञ्छित इच्छा र विचारलाई चेतनबाट हटाउने मानसिक प्रक्रिया हो । त्यस्तो प्रक्रियालाई मनोरचना पनि भनिन्छ । त्यसबाट अहम्को रक्षा हुने भएकाले त्यसलाई अहम् रक्षायुक्ति भनिन्छ । यो अचेतन र चेतन दुवै रूपमा हुन सक्छ । रक्षायुक्ति पूर्ण मानसिक अस्वीकृति हो जसले यौनजन्य तनावलाई असम्भव तुल्याउँछ (सिग्मन्ड फ्रायड, सन् १९६६, पृ. १९३) । यो एकप्रकारको मानसिक प्रतिरोध हो । मनोरचना विविध प्रकारका चेतन तथा अचेतन प्रक्रियाहरू हुन् जसद्वारा आन्तरिक सङ्घर्षहरूको निराकरण या न्यूनीकरण हुन्छ (ब्राउन, सन् १९४०, पृ. १६८) । सिग्मन्ड फ्रायडले मनोविश्लेषणात्मक चिन्तनको प्रारम्भिक कालदेखि नै यससम्बन्धी अवधारणा प्रस्तुत गरेका छन् । उनको मनोविश्लेषणात्मक सिद्धान्त मूलतः अचेतनको अवधारणामा केन्द्रित छ र उनले रक्षायुक्तिलाई पनि अचेतनसँग नै सम्बद्ध गरेर व्याख्या गरेका छन् । उनले सर्वप्रथम सन् १८९४ मा 'न्युरो-साइकोसिज अफ डिफेन्स' र त्यसपछि सन् १८९६ मा 'द न्युरोसिज अफ डिफेन्स' शीर्षकका लेखमा यससम्बन्धी धारणा व्यक्त गरेका छन् । उन्माद, मनोग्रस्त स्नायुविकृति, व्यामोह, विभ्रम, दुर्भीति आदि स्नायविक विकृति हुन् । त्यस्ता मानसिक विकृति उत्पन्न हुन नदिनका लागि गरिने मानसिक उपाय अहम् रक्षायुक्ति हो । रक्षायुक्तिहरू धेरै प्रकारका हुन्छन् । त्यो असङ्गत विचारका विरुद्धमा हुन्छ जुन चेतनामा

रहेको हुन्छ । अहम्ले त्यस्ता असङ्गत विचारलाई त्यसका प्रभाव र व्यवहारका साथै अस्वीकार गर्दछ (सिग्मन्ड फ्रायड, सन् १९६२, पृ. ५८) । असङ्गत विचार वा घृणाजनक कुरा भनेको यौनसँग सम्बन्धित विषय हो । मानसिक विकृतिहरूको प्रभाव पृथक् किसिमको हुने भए पनि तिनीहरूले स्थायी रूपमा अहम्को क्षति गर्दछन् । अहम्लाई त्यस्ता प्रभावबाट बचाउने काम रक्षायुक्तिले गर्दछ । रक्षायुक्तिको सामान्य प्रवृत्ति भनेको घृणाजनक कुराबाट मानसिक शक्तिलाई आनन्दको परिणामभन्दा विपरीत दिशातर्फ मोड्नु हो । यो मानसिक युक्तिका रूपमा हुन्छ ( सिग्मन्ड फ्रायड, सन् १९६६, पृ. २२१) । अहम्, पराहम् र इदम्बिच हुने चेतन वा अचेतन स्तरको सङ्घर्षलाई विभिन्न प्रक्रियाद्वारा लाभकारी ढङ्गमा समाधान गर्ने काम रक्षायुक्तिले गर्दछ ।

सिग्मन्ड फ्रायडले उत्तरार्धमा अहम् शक्तिलाई पनि महत्त्व दिएका छन् र त्यससँग सम्बद्ध अहम् रक्षायुक्तिको सिद्धान्त पनि प्रस्तुत गरेका छन् । उनले झन्डै अढाई दशकको अन्तरालपछि सन् १९२० मा *बियोन्ड द प्लेजर प्रिन्सिपल* र *अ जेनरल इन्ट्रोडक्सन टु साइकोएनालेसिस* शीर्षकका पुस्तकहरूमा अहम् रक्षायुक्तिको विस्तृत व्याख्या प्रस्तुत गरेका छन् । आनन्दको सिद्धान्त मानसिक संयन्त्रमा कार्य गर्ने प्राथमिक विधि हो, तर बाह्य जगत्को कठिनाइहरूका कारण व्यक्तिको रक्षाका लागि त्यो हानिकारक पनि हुन सक्छ । त्यस्तो अवस्थामा अहम्को प्रतिरक्षाका लागि आनन्दको सिद्धान्तलाई वास्तविकताको सिद्धान्तद्वारा प्रतिस्थापित गरिन्छ । त्यसमा आनन्दको अभिप्राय छोडिएको हुँदैन, तर त्यसको स्थगन गरिएको हुन्छ र आनन्दको अप्रत्यक्ष बाटो खोजिएको हुन्छ (सिग्मन्ड फ्रायड, सन् १९६१, पृ. ४) । वास्तविकताको सिद्धान्त अर्थात् अहम्को प्रतिरोधका कारण अप्रत्यक्ष ढङ्गमा इदम्का इच्छा पूर्ति गर्नु वा त्यस्ता आवेगलाई शान्त पार्नु नै अहम् रक्षायुक्ति हो । त्यसैगरी उनले सन् १९२६ मा *इन्हिबिसन, सिम्टम्स एन्ड एङ्जाइटी* पुस्तकमा दमन, लक्षण र दुश्चिन्ताको परिचय दिएका छन् । उनले प्रस्तुत गरेका अहम् रक्षायुत्ति दमन, शमन, प्रतिगमन, उदात्तीकरण, विस्थापन, स्थानापन्न, लक्षणनिर्माण, कल्पना र कल्पनातरङ्ग, तादात्म्यता, प्रक्षेपण, स्थानान्तरण, प्रतिक्रियानिर्माण, युक्तीकरण, अलगाव, अस्वीकरण, रूपान्तरण, दुश्चिन्ता आदि हुन् ।

सिग्मन्ड फ्रायडले प्रस्तुत गरेका मनोरचनाका अवधारणालाई अहम् मनोविज्ञानले महत्त्वका साथ लिएको पाइन्छ । त्यसमा अन्ना फ्रायडको नाम अग्रपङ्क्तिमा आउँछ । उनले सिग्मन्ड फ्रायडको अहम् रक्षायुक्तिलाई विस्तारपूर्वक व्याख्या गरेकी छन् । उनका अनुसार इदम्को विश्लेषण गरी त्यसको प्रवेशलाई प्रतिरोध गर्ने काम अहम्ले गर्दछ । त्यसैले रक्षायुक्ति मूल प्रवृत्ति विरुद्ध सञ्चालनमा ल्याइन्छ (अन्ना फ्रायड, सन् १९६६, पृ. ५९) । मूल प्रवृत्ति अचेतनमा रहेको हुन्छ र इदम् त्यसको शक्ति हो । अहम् प्रतिरक्षा मूल प्रवृत्यात्मक आवेगसँग सम्बन्धित भावहरूका विरुद्ध हुन्छ (पृ. ३२) । अहम् प्रतिरोधी शक्ति हो । अन्ना फ्रायडले बौद्धिकीकरण, विलोपन, अन्तःक्षेपणजस्ता अरू रक्षायुक्तिको पनि उल्लेख गरेकी छन् । कृष्णप्रसाद भण्डारी (२०५६) ले असाहचर्यता, मदिरापान, स्थिरीकरण, निर्भरता, शमनसमेत गरी गरी पच्चिसओटा रक्षायुक्तिको चर्चा गरेका छन् (पृ. ८५–८६) । अहम् रक्षायुक्तिका बारेमा विभिन्न विद्वान्हरूका आआफ्ना विचार पाइन्छन् ।

## नतिजा र विमर्श

विजय मल्लका नाटक मनोविश्लेषणात्मक प्रयोगका दृष्टिले उल्लेखनीय छन् । पात्रका अन्तर्बाह्य अवस्थाको उद्घाटन गर्ने क्रममा उनका नाटकमा अहम् रक्षायुक्तिको सन्दर्भ पनि आएका छन् । व्यक्तिको अचेतनका इच्छा व्यक्तिका हितमा नहुने किसिमका पनि हुन सक्छन् । सामाजिक नियम, नैतिकता र विभिन्न परिस्थितिले गर्दा व्यक्तिको रक्षाका लागि कतिपय इच्छा पूरा गर्न सकिँदैन । त्यसका लागि अप्रत्यक्ष सन्तुष्टिको उपाय खोज्नुपर्ने हुन्छ । त्यो प्रक्रिया मूलतः अचेतन स्तरमा हुन्छ र कहिलेकाहीँ चेतन स्तरमा पनि हुन सक्छ । मल्लका नाटकमा पात्रहरूले अचेतनमा दमित इच्छा, आवेग, आक्रामकताजस्ता कुरालाई अन्य उपायद्वारा शान्त पार्ने प्रयत्न गरेको देखिन्छ । उनका नाटकमा त्यसप्रकारको युक्ति प्रायः अचेतन रूपमा गरिएको पाइन्छ । उनका नाटकमा कल्पनातरङ्ग, विस्थापन, उदात्तीकरण, चयनात्मक विस्मरण, स्थानापन्न, युक्तीकरण र दुश्चिन्ता अहम् रक्षायुक्तिको प्रयोग पाइन्छ । यिनै आधारमा यस लेखमा विजय मल्लका नाटकमा अहम् रक्षायुक्ति के कसरी भएको छ भन्ने कुराको विवेचना गरिएको छ ।

### *कल्पनातरङ्ग*

अहम् रक्षायुक्तिको एउटा उपाय कल्पनातरङ्ग हो । यसलाई स्वैरकल्पना पनि भनिन्छ । यो दिवास्वप्नका रूपमा हुन्छ । रातिमा देखिने सपना जस्तै यो पनि वास्तवमा इच्छाहरूको पूर्ति हो (सिग्मन्ड फ्रायड, सन् १९२०, पृ. १०५) । जुनसुकै उमेरका व्यक्ति पनि कल्पनातरङ्गमा हराउन सक्छन् । त्यसप्रकारको काल्पनिक उडानबाट व्यक्ति वास्तविक जीवनको कठिनाइ र अप्रिय पक्षहरूबाट बच्न सक्छ र त्यसबाट निराश वा दूरस्थ अभिलाषाको क्षतिपूर्ति हुन सक्छ (पेज, सन् १९४७, पृ. ३९) । वास्तविक रूपमा पूरा हुन नसकेका वा प्राप्त गर्न चाहेका कुरा व्याक्तिले कल्पनातरङ्गका माध्यमद्वारा पूर्ति गर्न सक्छ ।

विजय मल्लका नाटकमा कल्पनातरङ्गलाई आधार बनाएर अहम्को रक्षा गरिएको पाइन्छ । उदाहरणका लागि 'बहुलाकाजीको सपना' नाटकलाई लिन सकिन्छ । 'बहुला काजीको सपना' नाटकमा बहुला काजीको कल्पनातरङ्ग प्रस्तुत गरिएको छ । उसलाई अरूले बहुला भन्छन्, उसका

कतिपय क्रियाकलाप असामान्य प्रकारका पनि देखिन्छन् । तर उसले समाजको हितका कार्य गरेर आफूलाई समायोजित गर्ने प्रयत्न गरेको छ । त्यो उदात्तीकरण पनि हो । उसले भक्ते र मानेलाई कसैसँग नमाग्न र मेहनत गरेर खान भनेर अर्तीबुद्धि दिँदै आफू अब मन्दिरतिर धाउनुभन्दा मानवसेवामा लाग्न थालेको कुरा सुनाउँछ । उसले एक जनालाई घाट लगिदिएको, मर्न लागेको एउटी आइमाईलाई औषधी पियाइ दिएको, एउटा बच्चालाई अस्पतालमा पुऱ्याइदिएको, तीन जनालाई स्कूलमा पुऱ्याइदिएको भन्छ । त्यसै क्रममा उसले सामाजिक परिवर्तनको सपना पनि व्यक्त गर्दछ । उसको सपना भनेको सामाजिक परिवर्तनको कल्पना हो । उसले गरिबी र असमानताको अन्त्य गरी श्रमको सम्मान हुने समृद्ध समाजको निर्माण गर्ने कल्पनाको गरेको छ । उसले भन्छ :

> यहाँ स्थिर केही पनि छैन । सबै परिवर्तनशील । जति सक्यो उति सारालाई सुखी तुल्याउने । संसारका सबै कुराहरू थाहा पाएर मनुष्यको भलो गर्ने । खुब खुवाउने सबैलाई, कसैलाई खुब ठुल-ठुलो घर बनाइदिने । कसैलाई लत्ता-कपडाले पुरि नै दिने । कसैलाई मोटरमा दौडाउने, दौडाइ मात्र रहने । सबै गरेर, जेबाट, जुन कुराले हित हुन्छ, बुझेनौ माने, बुझेनौ भक्त, बुझेनौ कि अब । यस्तो छिँडीलाई भत्काएर यस ठाउँमा स्वर्ग बनाउने । (मल्ल, २०४८क, पृ. ७)

उसको सपना पूरा हुने आधार के हो भन्ने प्रस्ट छैन । उसको भनाइ काल्पनिक प्रकारको छ । जसलाई जे कुराको आवश्यकता छ, त्यो कुरा पूरा गरिदिने, गरिबहरू बस्ने छिँडीलाई स्वर्ग बनाउने कुरा एकैचोटि सम्भव हुँदैन । उसको भनाइ नराम्रो छैन, तर त्यो आदर्शवादी प्रकारको छ । त्यस्तो विचार उसले मात्र चाहेर पूरा हुन सक्तैन । उसलाई भक्तेको छोरो बिरेलाई विद्यालयमा पढ्न पठाएर गरिबीको अन्त्य हुन्छ भन्ने लाग्छ । उसले भन्छ :

> संसारले अहिलेसम्म जानेको जति ज्ञान छ, सबै यसले जानोस् । विज्ञान जानोस्, सबै शास्त्रका विज्ञान जानोस् । राजनीति जानोस्, मानिसको मनोविज्ञान जानोस्, शरीरको विज्ञान जानोस् अनि त्यसले हाम्रो यस्तो फोहोर, मैलो, घिनलाग्दो गरिबीले थोत्राएको संसारलाई नयाँ वसन्तले सिँगारिदेओस् । बुझ्यौ ? तिमीहरूको भोक र क्षुधाको मुक्तिकर्ता, तिमीहरूको गरिबीको नष्टकर्ता, त्यो स्वयम् सपनाको सृष्टिकर्ता हुनेछ । (पृ. ८–९)

यो उसको आफ्नो इच्छा अप्रत्यक्ष रूपमा पूरा गर्ने माध्यम हो । एउटा व्यक्तिले त्यति सारा कुरा पढ्न र जान्न सक्तैन । त्यसैगरी एक जनाले पढ्दैमा समाजको आमूल परिवर्तन हुन पनि सक्तैन । पढाइमा होनहार बिरेको टायफायडले मृत्यु हुन्छ । उसको मृत्युले भक्ते र मानेको मात्र नभएर बहुला काजीको सपनासमेत भताभुङ्ग हुन्छ । त्यस्तो अवस्थामा बहुला काजीले भक्तेलाई सम्झाउँदै बिरेको मृत्युले एउटा सपना भग्न भए पनि अब फेरि अर्को सपना सिर्जनाको कुरा व्यक्त गर्दछ । उसले भन्छ :

> फिक्री नले, म अर्को सपना सिर्जना गर्छु, गरिबीलाई म मिल्काइछाड्छु, पन्छाइछाड्छु । पन्छाउने काममा बाधा मान्छे हुन्छ भने म त्यसको दुश्मन हुन्छु, त्यसैसित लड्छु, रोकिन्नँ । बाधा बुद्धि हुन्छ भने बरु म सिल्ली हुन्छु, मुर्ख हुन्छु, पछि हट्दिनँ । गरिबीका सर्मथक भएर परमेश्वर खडा हुन्छन् भने पनि बरु म नास्तिक हुन्छु, दब्दिनँ, नरो भक्ते ! संसारले एक दिन सुखी हुनु छ । कसैले रोक्न सक्दैन । (पृ. ३७) ।

बहुला काजीले अर्को सपनाको सिर्जना गर्ने कुरा पनि कल्पनातरङ्ग नै हो । उसको सपनाले मात्र गरिबीको जरा उखेलिन सम्भव हुँदैन । यो उसको असफलतालाई काल्पनिक आधारमा पूरा गर्ने युक्ति मात्र हो । त्यस्तो कल्पनाबाट उसले मानसिक तनावबाट मुक्ति पाउन सक्छ । मल्लको 'भोलि के हुन्छ ?' नाटकमा पनि कल्पनातरङ्गको प्रयोग पाइन्छ । पृथ्वीमा भोगको लालसाले चारैतिर युद्धको बादल फैलिएको छ । त्यसले गर्दा विश्वले नै विनाशको बाटो लिन थालेको छ । यस पृथ्वीमा हरेक मानिसको जीवन खतरामा छ । नाटकमा पृथ्वीलाई आमा र मानिसहरूलाई पृथ्वीका छोराछोरीका रूपमा प्रस्तुत गरिएको छ । आफ्ना सन्तानहरू एकअर्कालाई मार्न र मर्न उद्यत रहेको अझ आफ्नी आमालाई समेत मार्न तम्सिएको त्यस्तो भयावह अवस्थामा कुनै उपाय नदेखी आमाले सपनामा र कल्पनामा समेत आफूलाई स्वर्गङ्गाबाट आफ्ना दिदीबहिनीहरूले बोलाएको कुरा व्यक्त गर्दछे । उसले भन्छे :

> यो कस्तो जादू हो जसले मेरा सन्तान बाटो बिराउन बाध्य हुन्छन् । यो कुन प्रलोभन हो जसका लागि प्राण लिन्छन्, दिन्छन् । मैले कुन भूल गरेँ जसले गर्दा उनीहरूको मस्तिष्कमा सर्वनाश गर्ने इच्छा पैदा हुन्छ । के म यस्ता इच्छा हटाइदिन सक्तिनँ ? उफ् ! उः मेरा दिदी-बहिनीहरू फेरि बोलाउन आइपुगे स्वर्गङ्गाबाट । अब म त्यो निमन्त्रणालाई टार्न सक्तिनँ, पर्ख, पर्ख... (मल्ल, २०३४, पृ. ४१) ।

आमाले यस्तो अवस्था हुनुमा उसको जेठो छोरो मोहनको मुख्य भूमिका छ । ऊ विश्वमा नरसंहारकारी महायुद्ध मच्चाउने सिकन्दर, नेपोलियन वा हिटलर जस्तै देखिन्छ । ऊ विश्वलाई नै आफ्नो मुट्ठीमा कब्जा गर्न चाहन्छ । उसले आफ्नी आमालाई बन्दी बनाएको छ । यसरी विश्व नै कहालीलाग्दो अन्धकारमा निस्सासिरहेको छ । आमाले त्यसबाट मुक्ति चाहेकी छ । यो यथार्थबाट पलायन हुने युक्ति हो ।

### *विस्थापन*

सिग्मन्ड फ्रायडले स्वप्नकार्यको चर्चाका क्रममा विस्थापनको उल्लेख गरेका छन् । एउटा तत्त्वबाट अर्को तत्त्वमा मानसिक महत्त्व स्थानान्तरित हुनु विस्थापन हो (सिग्मन्ड फ्रायड, सन् १९२०, पृ. १४४) । अचेतनका संवेगको प्रत्यक्ष अभिव्यक्ति निषेधित हुँदा त्यसले अन्य वस्तु वा विचारका माध्यममा स्थानान्तरित भएर सन्तुष्टिका लागि अप्रत्यक्ष मार्ग अपनाउँछ । त्यसलाई विस्थापन भनिन्छ (पेज, सन् १९४७, पृ. ४९) । यसमा कुनै व्यक्ति वा वस्तुको स्थानापन्न हुन्छ ।

विस्थापन अहम् रक्षायुक्तिको प्रयोगका दृष्टिले *कोही किन बरबाद होस्* नाटक उल्लेखनीय छ । यसको आरम्भमा आठ वर्षीय पात्र ध्रुवको मनोवृत्ति प्रस्तुत गरिएको छ । उसको बदमासी बढ्दै गएको, अटेरी बन्दै गएको, उच्छृङ्खल बन्दै गएको छ । पढ्नमा ध्यान नदिने, रुखमा चढेर स्कूलका अरू केटाकेटीहरूलाई ढुङ्गाले हान्ने, उनीहरूका किताब च्यातिदिने, लुगा च्यातिदिने, पर्खाल भत्काइदिने, आफूभन्दा साना केटाकेटीलाई पिट्ने, फूलका बिरुवा उखेलिदिने, छिमेकी गाँउलेहरूको कुखुराका चल्लाहरू मार्ने जस्ता उसका क्रियाकलापले त्यस स्कूलका शिक्षकशिक्षिका अनि इन्चार्जका लागि पनि ऊ समस्या बनेको छ । स्कूलकी म्याट्रन कमलादेवीले गुनासो गर्दै प्रमुख अध्यापक सुन्दरलालसँग भन्छे :

> हामीले सपार्न कोसिस नगरेका होइनौं क्यारे । अब जति गरे पनि क्यै नलागेपछि ? के तपाईंले उसलाई सुधार्न हर जतन गर्नुभएन ? झन् झन् उसको बदमासी बढ्दै गइरहेछ । अस्तिन देखिहाल्नुभो, गाउँलेहरूका कुखुराका चल्ला नै मारिदियो । गाउँलेहरू रिसाएर कस्तो । कहिले आफूभन्दा साना ठिटाठिटीहरूलाई पिटिदिन्छ । एउटा न एउटा कुराले नसताएको त दिनै छैन । (मल्ल, २०४९, पृ. ५)

व्यक्तिका मनोवृत्ति निर्माणका विशिष्ट कारण हुन्छ । ध्रुव बदमास हुनुको पनि कारण छ । बालमनोविज्ञानको पुस्तक पढेर ध्रुवको मानसिक समस्या पहिल्याउने काम स्कूलको प्रमुख सुन्दरलालले गरेको छ । त्यसबारेमा उसले कमलालाई भन्छ :

> आमाको स्नेह, बाबुको प्यार नपाइकन केटाकेटी संसारमा हुर्कन त हुर्कन्छन्, तर यस्तो असन्तुष्टि र अतृप्तिले मानसिक विकार उत्पन्न गर्दोरहेछ, जसले गर्दाखेरि बाहिरबाट मानिस जस्तो देखिए तापनि भित्रबाट उनीहरू रित्तो, खोक्रो, क्रूरसम्म पनि हुन बेर मान्दैनन् । सहानुभूति, माया, स्नेहबिना हुर्कँदा, लौ हेर्नोस् ध्रुवको हालत !
>
> .... हिजो मैले उल्लाई सोधेँ– तिमी किन बदमासी गर्छौ ? तिमीलाई के पुगेन ? पहिले त बताउँदै बताएन । ज्यादै फकाएपछि उसले अकस्मात् भन्यो– सबका आमा यहाँ आउनुहुन्छ, सबलाई भेटेर आमाहरू जान्छन् । मेरी आमा किन आउनुहुन्न ? (पृ. ९)

ध्रुवकी आमा उसलाई तीनै वर्षमा छाडेर अर्कै ठाउँमा पोइल गएकी हुन्छे र ध्रुवलाई आफ्नी आमा जिउँदै छे भन्ने थाहा छ । ध्रुवलाई उसका बाबुले उसकी आमालाई भेट्न नदिने सर्तमा बोर्डिङ्गमा भर्ना गरेको हुन्छ । सबैका आमा आफ्ना छोराछोरीलाई भेट्न आउने तर ध्रुवलाई भेट्न नआउने हुँदा ध्रुव कुण्ठाग्रस्त बन्दछ । आफूलाई कहिल्यै भेट्न नआएकामा ध्रुवमा आमाप्रति असन्तुष्टि उत्पन्न हुन्छ । उसले आमाप्रति गर्ने आक्रामक व्यवहार अरूलाई सताएर, दुःख दिएर, ढुङ्गा प्रहार गरेर, पिटेर, कुखुराका चल्लाहरू मारेर, पर्खाल भत्काएर पूरा गरेको छ । यो विस्थापन अहम् रक्षायुक्ति हो । ध्रुवका लागि स्कूलका अरू केटाकेटी, शिक्षकशिक्षिका, कुखुराका चल्ला, पर्खाल आदि आमाको स्थानापन्न हुन् ।

### *उदात्तीकरण*

उदात्तीकरण एउटा महत्त्वपूर्ण रक्षायुक्ति हो । स्वार्थी यौनेच्छाबाट माथि उठेर सामाजिक लक्ष्यतर्फ लाग्नु उदात्तीकरण हो (सिग्मन्ड फ्रायड, सन् १९२०, पृ. २९९–३००) । लैङ्गिक, मानसिक, आक्रमकलगायत अन्य कतिपय आवेगहरूले सामाजिक कारणले सोझै अभिव्यक्ति पाउन सक्तैनन् । त्यस्ता दमित इच्छाहरूले मानसिक तनाव सिर्जना गर्न सक्छन् । त्यस्ता शक्तिलाई समाजस्वीकार्य माध्यमद्वारा निकास दिनु उदात्तीकरण हो ( पेज, सन् १९४७, पृ. ४८) । उदात्तीकरणले व्यक्तिलाई समाजमा प्रतिष्ठित कार्य गर्न प्रेरित गर्दछ । विजय मल्लको *जिउँदो लास* नाटकमा उदात्तीकरणको राम्रो प्रयोग गरिएको पाइन्छ । यस नाटकमा विभिन्न पात्रहरूको मनोविश्लेषण भिन्नभिन्न ढङ्गमा गरिएको छ । प्रतिमाको चारित्रिक विशेषता उदात्तीकरणका दृष्टिले उल्लेखनीय छ । ऊ पतिको मृत्यु भइसकेको उन्नाइसबिस वर्षकी युवती हो । विधवाले पुनर्विवाह गर्न नहुने र मरेको लोग्नेकै सतमा बस्नुपर्छ भन्ने परम्परागत संस्कारका कारण उसका स्वाभाविक इच्छाहरू दमित हुन पुगेका छन् । त्यही भएर ऊ आफूलाई "मूर्दाकी स्वास्नी" (मल्ल, २०५८, पृ. ४) भन्छे । उसका दमित इच्छाहरूले स्वाभाविक रूपमा सन्तुष्टि पाउन सकेका छैनन् । त्यसैले उसले बिरालो पालेर, कुकुर पालेर प्रेमको क्षतिपूर्ति गर्छे र तिनको पनि मृत्यु हुँदा ऊ निराश हुन्छे । ललितमानले पुरानो संस्कार त्याग्न नसक्ने भन्ने अर्थमा उसलाई जिउँदो लास भनेपछि उसलाई झन् चोट लाग्छ । उसले शङ्करलालसँग भन्छे :

> बुझ्नुभो आफ्नो शरीर देखेर कहिलेकाहीँ घिनाउँछु, लुछ्छु । ऐनामा आफूलाई देख्ता झस्कन्छु, अपरिचित जस्तो लाग्छ । किन यो शरीर अपरिचित जस्तो लाग्छ । किन यो शरीर गह्नाएर कुहिँदै फतक्क गल्दैन ? अब म बाहिर निस्कन छाड्छु, पढ्दिनँ । यसरी हिँडडुल गर्दाखेरि बराबर मैले आफूलाई 'लास' हुँ भन्ने कुरा बिर्सिसकेँ । मलाई सडकका मानिसहरू किन विधवा हो

भन्ने सम्झिँदैनन्, किन ट्वालट्वाल्ती हेरिरहन्छन् ? (पृ. २१)

यो उसको अचेतनमा दमित आवेगहरूका कारण उत्पन्न भएको अवस्था हो । उसमा युवा अवस्थाको स्वाभाविक इच्छा छन् । उसको रूपप्रति अरू आकर्षित हुँदा उसका जैविक इच्छा झन् प्रबल हुन थाल्दछ । उसले आफ्ना अवाञ्छित इच्छाहरूलाई उदात्तीकरणद्वारा पूर्ति गर्ने प्रयत्न गरेकी छ । ऊ उच्च शिक्षाको अध्ययनतर्फ लागेकी छ । ऊ कलेज जान्छे, ललितमानसँग घरमा पढ्छे । त्यसबाट उसका अचेतनका आवेग अध्ययनको कार्यतर्फ मोडिन्छन् र उसले त्यस्ता इच्छाहरूका कारण उत्पन्न हुने तनावबाट मुक्ति पाउँछे । शङ्करलाल उर्मिलाको जीवनसँग सम्बन्धित कथा लेख्न चाहन्छ, तर लेख्न भने सक्तैन ।

***चयनात्मक विस्मरण***

चयनात्मक विस्मरण रक्षायुक्तिको सैद्धान्तिक इतिहास खोज्दै जाँदा सिग्मन्ड फ्रायडको स्वप्नसिद्धान्तसम्म पुगिन्छ । फ्रायडले *द इन्टरप्रिटेसन अफ ड्रिम* (सन् १९००) मा स्वप्न विस्मृतिको चर्चा गरेका छन् । हामीले सपनामा देखेका कतिपय कुरा बिउँझदा बिर्सन्छौँ । त्यस्तो कुरा मानसिक प्रतिरोधका कारणले हुन्छ (सिग्मन्ड फ्रायड, सन् १९५५, पृ. ५२९) । पछि उनले नामहरू बिर्सिने दैनिक जीवनका गल्तीसम्बन्धी अवधारणा ल्याएका छन् । यो विगतका जम्मै कुरा बिर्सिने नभएर केही निश्चित कुरा मात्र बिर्सिने प्रक्रिया हो । यो कष्टप्रद तथा अप्रिय परिस्थितिलाई बिर्सेर त्यसबाट बच्ने उपाय हो (पेज, सन् १९४७, पृ. ४६) । यो चेतन र अचेतन दुवै रूपमा हुन सक्छ ।

चयनात्मक विस्मरण रक्षायुक्तिको प्रयोगका दृष्टिले विजय मल्लको *स्मृतिको परखालभित्र* नाटक विश्लेषणीय छ । यस नाटकको प्रमुख पात्र महेश्वरजङ्ग थापा हो । ऊ २००७ सालअघिदेखि नै सैनिक अधिकृत रहेको हुन्छ । ऊ २००७ सालको राणाशासन विरुद्ध भएको क्रान्तिका बेला वीरगञ्जमा खटिन्छ । उसको साथी सुशीलले उसकै प्रेमिकालाई भगाएर लैजान्छ । त्यही भएर उसमा सुशीलप्रति वैरभाव उत्पन हुन्छ । त्यही कारणले गर्दा सात सालको क्रान्तिमा सिपाहीहरूले पक्राउ गरेर ल्याएको सुशीलमाथि उसले गोली हान्छ, त्यतिले नि नपुगेर खुकरीले पनि प्रहार गर्छ । पछि उसलाई त्यस कुराको पश्चाताप हुन्छ र सुशीलका दुई जना छोराछोरीलाई आफ्नै घरमा राखेर पालनपोषण गरेर हुर्काउँछ । तर उसलाई विगतमा आफूले गरेका गल्तीले सताउन छोड्दैन । उसले सुशीलले भगाएर लगेकी पूर्वप्रेमिका शर्मिलालाई झन् सम्झन थाल्दछ । त्यसलाई भुल्नका लागि उसले होस नै हराउने गरी रक्सी पिउन थाल्दछ । भोलिपल्ट रक्सीले छोडेपछि पूर्वप्रेमिकाकी छोरी किशोरीसँग उसले भन्छ– "हिजो राती रक्सीको सुरमा के के फलाकेँ मलाई राम्रो होस छैन, तिमी कसरी आइपुग्यौ त्यहाँ, के भयो ? साँच्ची भनूँ भने केही होसै छैन । म यसोउसो केही भन्न सक्तिनँ" (मल्ल, २०४०, पृ. १५) । ऊ अतीतको त्यस दुःखद घटनालाई बिर्सन खोज्दछ, तर झन् झन् सम्झना हुँदै आउँछ र महेश्वर आफै आत्महत्या गर्ने विचारमा पनि पुग्छ । विगतमा उसले गरेको हत्याको कुरा गणेशले सुनाइदिएपछि उसले आफूले गरेको विगत कुरा सुशीलका छोराछोरीसमक्ष स्वीकार गर्दछ र उसले भन्छ :

> हो, साँचो हो । .... म तिम्रो मुमालाई अत्यन्त प्रेम गर्थें । तिम्रो बुबालाई त्यो कुरा थाहा हुँदाहुँदै तिम्रो मुमालाई तिम्रो बुबाले भगाएर लगेदेखिन् मेरो अन्तरात्मामा त्यसले अत्यन्त आघात पुऱ्याएको हुन सक्छ । त्यसकै कारणले गर्दा तिम्रो बुबालाई वीरगन्जमा पक्रेर ल्याएपछि मेरो मनमा अकस्मात् बदलाको भावना अत्यन्त प्रबल भएको हुन सक्छ र त्यसले गर्दा मैले तिम्रो बुबाको हत्या गरेको हुन सक्छ र त्यस्तो गरिसकेपछि मलाई अत्यन्त पश्चात्ताप भएको थियो । ... तिम्रो मुमाले तिम्रो बुबालाई खोज्न जान्छु भनी निस्कँदा मैले उनलाई रोक्न पनि सकिनँ । तिमीहरूलाई यहाँ ल्याई पालीपोसी हुर्काई मनमा शान्ति लिन खोजेको थिएँ, तैपनि सकिनँ । रक्सी पिएँ तैपनि सकिनँ । (पृ. ४९–५०)

उसले मद्यपानबाट नै आत्मविनाश चाहेको भने पनि त्यो विगतको स्मृतिलाई मेट्ने प्रयत्न हो । तर मदिरा सेवन गर्दा उसको अचेतनको आवेग झन् प्रखर भएर देखापर्दछ । त्यसैले ऊ विह्वल, वेदनाग्रस्त, व्याकुल हुन्छ र बेहोस हुने गरी रक्सी पिउँदछ ।

***स्थानापन्न र युक्तीकरण***

एउटा कुराका ठाउँमा अर्को कुरा उपस्थित हुनु स्थानापन्न हो । सिग्मन्ड फ्रायडले बिर्सिएका सपनाका सट्टामा अरू कुरा सम्झनामा आउनुलाई स्थानापन्न भनेका छन् (सिग्मन्ड फ्रायड, सन् १९२०, पृ. ८७) । युक्तीकरण रक्षायुक्तिमा पनि स्थानापन्न प्रक्रिया हुन्छ । मानसिक रोगीले बौद्धिक युक्तीकरणद्वारा एउटा लक्षणलाई अर्कोले सोझै निकाल्न सक्छ (सिग्मन्ड फ्रायड, सन् १९२०, पृ. ३६६) । युक्तीकरण वास्तवमा गल्तीलाई सही ठहर गर्ने तर्क हो । यो गल्ती, गलत निर्णय, असफलता आदिलाई छोप्नका लागि प्रयोग गरिन्छ (वोल्म्यान, सन् १९९५, पृ. २५४) । यसमा व्यक्तिले कार्यकारणको सम्बन्धको वास्ता गर्दैन ।

विजय मल्लको *भूलैभूलको यथार्थ* नाटक स्थानापन्न र युक्तीकरण अहम् रक्षायुक्तिको प्रयोगका दृष्टिले उल्लेखनीय छ । यस नाटकको मुख्य पात्र कृष्णविक्रम हो । ऊ आफूलाई आधुनिक नारीस्वतन्त्रतता र समानताको पक्षधरका रूपमा चिनाउन चाहन्छ । त्यसको दृष्टान्त उसले आफ्नै घरबाट र आफ्नै छोरीबाट दिन खोज्छ । उसको सन्तानका रूपमा एउटी छोरी मात्र

छ । उसले केटीकै थर गोत्रमा परिवर्तन गराई घरज्वाइँ राख्ने र केटा र केटी दुवैलाई समान रूपमा सम्पत्ति बाँडिदिने कुरा गर्दछ । उसले जयकुमार विष्टसँग भन्छ :

> यसैले बुझ्नुभो, मैले आफ्नो एक्ली छोरी वीणालाई जुवाइँको घरमा दिएर पठाउनुसट्टा आफ्ने घरमा जुवाइँलाई बिहे गरेर ल्याउने सोचेको छु । किन आइमाईहरू मात्र लोग्नेको घरमा बिहे गरेर जाने ? किन लोग्नेमानिसहरू बिहे गरेर आइमाईको घरमा आउँदैनन् ? यो विषमता किन ? किन यसमा समानता नहोस् ? यही म गर्न लागेको छु बुझ्नुभो । यति मात्र होइन, आइमाईको मात्र बिहे गरेपछि किन थर बदलिने ? किन लोग्नेमानिसको थर नबदलिने ? यसैले मैले सर्त राखेको छु मेरी छोरीसँग बिहे गर्नेले मेरै छोरीको थर लिनुपर्दछ । (मल्ल, २०४१, पृ. १६)

उसको भनाइबाट छोरीको बिहे गरेर ज्वाइँको घरमा पठाउने उसको इच्छा नभएको स्पष्ट छ । एक्ली छोरीलाई आफूबाट टाढा हुन नदिन उसले त्यस्तो योजना बनाएको हो । मनोविश्लेषणका दृष्टिले त्यो इडिपस ग्रन्थिको प्रभाव हो । यसप्रकारको बाबुछोरीको अनुरागलाई इलेक्ट्रा ग्रन्थि पनि भनिन्छ । अर्कातिर उसमा छोरा नभएको अभावबोध पनि छ । त्यसको क्षतिपूर्ति उसले घरज्वाइँ राखेर गर्न चाहन्छ । ज्वाइँ छोराको स्थानापन्न हो । घरज्वाइँ बस्नेले थर पनि छोरीकै लिनुपर्ने सर्तले त्यो छोराकै रूपमा रहनुपर्ने कुरा प्रस्टै छ । उसले आफ्नो भित्री इच्छा ढाकछोप गर्नका लागि नारीस्वतन्त्रता र समानताको कुरा गरेको छ । त्यो आफ्नो विचार बौद्धिक रूपमा सही साबित गर्ने युक्ति हो ।

सुरेन्द्र कृष्णविक्रमको सर्तअनुसार घरज्वाइँ बस्न तयार हुन्छ । वीणाले आफ्नो स्वाभिमान बिर्सेर आफ्नो थरसमेत परित्याग गरी घरज्वाइँ बस्न खोज्ने व्यक्ति कि देउता हुन्छ कि त अत्यन्त नीच व्यक्ति हुन सक्छ भनेपछि सुरेन्द्रले भन्छ :

> त्यसो त हो, जे पनि भन्न सकिन्छ, तर... तर... मैले यो कुनै कारणले त्यसो गरेको होइन । न मैले देउता बन्ने अर्थमा कुनै महान् त्यागै देखाएको हुँ, न त स्वार्थ र प्रभलोभनमा परेर यसो गरेको हुँ । साँच्ची भन्ने हो भने त्यस दिन म टुहुरोले आमा पाएको जस्तो भएको थिएँ, मलाई त्यस्तो लाग्यो, मैले हजुरको मुमालाई साँच्चीकै मुमा जस्तो समझेर मुमा भन्न पुगेँ र मलाई उहाँले छोरो जस्तो समझेर स्नेहपूर्वक यस्तो बिहेको प्रस्ताव राखिबक्स्यो । मैले किन हो किन त्यसबखत इन्कार गर्न सकिनँ । (पृ. २७–२८)

ऊ आमा नभएको टुहुरो व्यक्ति हो । मातृस्नेहको अभावले हुर्केको हुँदा उसले वीणाकी आमालाई आमा जस्तै ठान्छ र त्यही भएर ऊ घरज्वाइँ बस्न तयार हुन्छ । सुरेन्द्रका लागि वीणाकी आमा आफ्नी आमाको स्थानापन्न हो । उसमा आमाको स्नेहको अभावबोध छ । त्यसप्रकारको बोध मातृरति ग्रन्थिका कारणले हुन्छ । वीणाकी आमालाई सहजै आमाको रूपमा देखेपछि उसले वीणाकी आमाले भनेको कुरा अस्वीकार गर्न सक्तैन । घरज्वाइँ बस्दा उसले आमा स्वरूपकी नारीको सामीप्य पाउन सक्तछ । सपत्ति वा वीणाको यौवनको लोभले त्यसप्रकारको सर्त स्वीकार गरेको होइन ।

### ***दुश्चिन्ता***

सिग्मन्ड फ्रायड (सन् १९५९) का अनुसार दुश्चिन्ता भनेको खतराको परिस्थितिप्रति प्रतिक्रिया हो । यो खतरा उत्पन्न हुने आशङ्कामा त्यसबाट बच्नका लागि अहम्‌ले गरेको प्रतिक्रिया हो (पृ. १६२) । यो अवास्तविक कुराप्रति गरिने चिन्ता वा डर हो । यो बाह्य खतराप्रतिको प्रतिक्रिया हो, तर मानसिक रोगका दुश्चिन्ता आशङ्कावान्, आतङ्मय तथा व्याकुलता प्रकारको हुन्छ (वोल्म्यान, सन् १९९५, पृ. २५२) । दुश्चिन्ता विसर्जन हुन नपाएका आवेग र असन्तुष्ट इच्छाहरूका कारणले उत्पन्न हुन्छ ।

दुश्चिन्ताका दृष्टिले विजय मल्लका *जिउँदो लास* र 'माधुरी' नाटक उल्लेखनीय छन् । *जिउँदो लास* नाटकमा उर्मिला दुश्चिन्ताले ग्रस्त देखिन्छे । यौवनावस्थाकी उर्मिलाको लोग्ने छ वर्षदेखि हराएको छ । उर्मिला लोग्नेको प्रतीक्षा गर्दागर्दा थाकिसकेकी छ । सबैले उसको लोग्ने फर्किन्छ भनेर आश्वासन दिए पनि उसको लोग्ने फर्किंदैन कि, मरिसक्यो कि भन्ने दुश्चिन्ताले उसलाई सताएको छ र ऊ असामान्य बन्न पुगेकी छ । उसले शङ्करलालसँग भन्छे–"तपाइँ भन्नुहुन्छ कि मेरो पोइ फर्कन्छ– मलाई अब लाग्छ– फर्कंदै फर्कनुहुन्न" भन्छे (मल्ल, २०५८, पृ. २४) । उसले प्रतिमासित "उहाँलाई मैले मुर्दा भएको, जलाएको पनि सपना देख्याछु" (पृ. ३) भन्नुबाट उसको दुश्चिन्ता बुझ्न सकिन्छ ।

'माधुरी' नाटकमा दुलहीसाहेबमा दुश्चिन्ताको लक्षण देखापर्दछ । ऊ एकातिर आफ्नो छोरा सानुराजाको निधनबाट विक्षिप्त देखिन्छे भने अर्कातिर प्राणराजा र माधुरीबिचको सम्बन्धका बारेमा चिन्ताग्रस्त बन्नपुगेकी छ । घरमा उसको पति प्राणराजको फुपूचेली बहिनी माधुरी विश्वविद्यालयमा उच्च शिक्षाका लागि प्राणराजाको घरमा बस्न आएकी छ । निकै राम्री भएकी माधुरीलाई देखेर दुलहीसाहेब सौताको रूपमा शङ्का गर्न थाल्दछे । उसले आफ्नो छोरा सानुराजाको मृत्यु रोगबाट नभई प्राणराजा र माधुरीको मिलेमलतोबाट भएको भन्ने ठान्दछे । उसमा आफूलाई पनि छोरालाई जस्तै औषधी वा खाद्य पदार्थमा विष मिसाई मार्न सक्ने शङ्का उत्पन्न हुन्छ । ऊ राती सुत्दा पनि कोठाको चुकुल बिग्रेर कोही पस्ने हो कि भनेर डराउँछे । प्राणराजा र माधुरी सिँगारपटार गरेर पार्टीमा जान लागेको र प्राणराजाले माधुरीको सौन्दर्यको प्रशंसा गरेको कारणले दुलहीसाहेबको दुश्चिन्ता झन् तीव्र हुन्छ । उसले माधुरीलाई भन्छे :

> माधुरी मैसाब ! म हजुरलाई पनि हात जोडेर बिन्ती गर्छु । मलाई केही नगरिबक्स्योस् । मलाई माफ गरिबक्स्योस् । हजुरलाई मन छ भने प्राणराजासँग बिहे गरेर राज होस्, म रोक्तिनँ । मैले हजुरलाई रोकेको छैनँ । म हजुरहरूको प्रेममा बाधा बन्दिनँ । हजुरहरूले जे गरिबक्से पनि मैले कहिल्यै केही भनेको छैनँ, फेरि मलाई छोरालाई जस्तो किन मार्नुपर्‍यो ! (मल्ल, २०४८ख, पृ. ६४)

प्राणराजा र माधुरीबिच मामाचेला र फुपूचेलीको नाता मात्र भएकोले उनीहरूबिचको सम्बन्ध दुलहीसाहेबका लागि दुश्चिन्ताको विषय बन्दछ । उसलाई पार्टीमा जान लाग्दा उनीहरू निकै मिलेको जोडी जस्तो लाग्छ, "भर्खर बिहे गरेको नयाँ दुलहा दुलहीहरू पटाङ्गिनीबाट हिँडेर आइरहेका छन्" (पृ. ५६) जस्तो लाग्छ । भित्रभित्रै उसमा शङ्काको आगो सल्किँदै जान्छ र आफूलाई उनीहरूले आफ्नो प्रेमको बाटोबाट पन्छाउन मार्ने षड्यन्त्र गर्छन् भन्ने दुश्चिन्ताले सताउन थाल्दछ । त्यही कारणले ऊ मानसिक रोगी बन्न पुगेकी छ ।

## निष्कर्ष

विजय मल्लका नाटक अहम् रक्षायुक्तिको प्रयोगका दृष्टिले उल्लेखनीय छन् । उनको नाट्ययात्रा पाँच दशक जति लामो छ र उनले एकाङ्की र पूर्णाङ्की दुवै प्रकारका नाट्यरचना गरेका छन् । पाश्चात्य साहित्यमा देखापरेका नौलानौला प्रवृत्तिबाट प्रभावित भए पनि फ्रायडीय मनोविश्लेषणको प्रयोग मल्लका नाटकमा पाइने मुख्य प्रवृत्ति हो । अहम् रक्षायुक्ति मनोविश्लेषणको एउटा महत्त्वपूर्ण पक्ष हो । यो अचेतनमा दमित आवेगहरूलाई चेतनमा आउन नदिने तथा अवाञ्छित इच्छा र विचारलाई चेतनबाट हटाउने मानसिक प्रक्रिया हो । त्यसप्रकारका रक्षायुक्तिले अहम्को क्षति हुनबाट रोक्दछ । यो अचेतन र चेतन दुवै रूपमा हुन सक्छ । यस अवधारणालाई सर्वप्रथम सिग्मन्ड फ्रायडले प्रस्तुत गरेका हुन् । उनले विभिन्न प्रकारका रक्षायुक्तिको व्याख्या गरेका छन् । तिनको प्रयोग मल्लका नाटकमा गरिएको पाइन्छ । मल्लका नाटकमा पात्रहरूले वास्तविक रूपमा पूरा गर्न नसकिएका इच्छालाई कल्पनातरङ्गका माध्यमद्वारा पूरा गरेको पाइन्छ । कष्टपूर्ण यथार्थबाट पलायनका रूपमा पनि कल्पनातरङ्गको उपयोग गरिएको पाइन्छ । पात्रहरूले एउटा व्यक्तिप्रतिको आक्रोश अरू व्यक्ति र वस्तुप्रति पोख्ने गरेको पाइन्छ । एउटा व्यक्तिको स्थानापन्नका रूपमा अर्को व्यक्ति वा वस्तुप्रति प्रेम वा घृणा प्रकट गर्दछन् । कुनै नाटकका पात्र आफूलाई सामाजिक दृष्टिले राम्रो मानिएको कार्य गरेर उदात्तीकरणतर्फ पनि लागेका छन् । केही पात्रले आफूले विगतमा गरेका कार्यप्रति पश्चाताप गर्दै त्यसलाई बिर्सने प्रयत्न गरेको र त्यसका लागि बेहोस हुने गरी मदिरापान गर्ने गरेको पनि पाइन्छ । केही पात्र भने अचेतनका इच्छाअनुसार निर्णय गर्ने र त्यसलाई सही साबित गर्नका लागि बौद्धिक युक्ति अपनाएको देखिन्छ । मल्लका नाटकमा सम्भाव्य दुष्परिणामप्रति दुश्चिन्ताले ग्रस्त पात्रहरू पनि देखापर्दछन् । यी विभिन्न अहम् रक्षायुक्तिका प्रयोगले मल्लका नाटक प्रभावोत्पादक र अर्थपूर्ण बनेका छन् ।

## सन्दर्भ सामग्रीसूची

आचार्य, व्रतराज (२०७८), *आधुनिक नेपाली नाटक, भाग २,* साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६१), *नेपाली नाटक र नाटककार,* साझा प्रकाशन ।

कँडेल, घनश्याम (२०४०), *केही अन्वेषण केही विश्लेषण,* भीमसेन थापा ।

जोशी, रत्नध्वज (२०२१/२०५०), *आधुनिक नेपाली साहित्यको झलक* (चौथो संस्क.). साझा प्रकाशन ।

भण्डारी, कृष्णप्रसाद (२०५६), *फ्रायड र मनोविश्लेषण,* साझा प्रकाशन ।

मल्ल, विजय (२०३४), *पत्थरको कथा* (दोस्रो संस्क.), साझा प्रकाशन ।

मल्ल, विजय (२०४०), *स्मृतिको परखालभित्र,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

मल्ल, विजय (२०४१), *भूलैभूलको यथार्थ,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

मल्ल, विजय (२०४८क), *बौलाहा काजीको सपना* (चौथो संस्क.), साझा प्रकाशन ।

मल्ल, विजय (२०४८ख), *सृष्टि रोकिँदैन.* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

मल्ल, विजय (२०४९), *कोही किन बरबाद होस्* (दसौं संस्क.), साझा प्रकाशन ।

मल्ल, विजय (२०५८), *जिउँदो लास* (छैटौं संस्क.), साझा प्रकाशन ।

शर्मा, तारानाथ (सन् १९६४/१९८०), *घोत्ल्याइँहरू* (दोस्रो संस्क.), नेपाली साहित्य संचयिका ।

Freud, A. (1966). *The ego and the mechanism of defence* (revised ed.). Kornak Books.

Freud, S. (1920). *A general introdction to psychoanalysis* (S. Hall, Trans.). Horace Liveright. (Origingal work published 1916-1917)

Freud, S. (1955). *The interpretation of dreams* (J. Strachey, Trans.). Basic Books. (Origingal work published 1899)

Freud, S. (1959). *The standard edition of the complete psychological works of Sigmund Freud (Vol. XX) : Inhibitions, symptoms and anxiety* (J. Strachey & A. Freud, Trans.). The Hogarth Press Limited.

Freud, S. (1961). *Beyond the pleasure principle* (J. Strachey, Trans.). W. W. Norton & Company. (Origingal work

published 1920)

Freud, S. (1962). *The standard edition of the complete psychological works of Sigmund Freud* (Vol. III) : *Early psycho-analytic publications.* (J. Strachey & A. Freud (Eds.). The Hogarth Press Limited.

Freud, S. (1966). *The standard edition of the complete psychological works of Sigmund Freud* (Vol. I) : *Pre-psycho-analytic publication and unpublished drafts* ((J. Strachey & A. Freud (Eds.). The Hogarth Press Limited.

Page, J. D. (1947). *Abnormal psychology.* McGraw-Hill Book Company, Inc.

Wolman, B. B. (1995). *Contemporary theories and systems in psychology* (2nd ed.). Freeman Book Company.

**Ethical approval for the research:** Not applicable

**Consent for publication**: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

**Author's Bio-note:**

Durga Bahadur Gharti is an associate professor of Nepali at Tribhuvan University, Nepal. He has got PhD in Nepali literature from Tribhuvan University and his focal area is psycho-analysis in literature.